**लहान नगरपालिकाको १२ औं नगर सभाको समुद्घाटन समारोहमा पाल्नु भएका प्रमूख अतिथि, विशिष्ट अतिथी, अतिथी , नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, संचारकर्मी एवं कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु :-**

१. स्थानीय निर्वाचन २०७९ को परिणाम पछि तेश्रो तथा यस नगरको १२ औ नगरसभामा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई म लहान नगरपालिकाको नगर प्रमुख तथा सभाको अध्यक्षको हैसियतले हार्दिक स्वागत गर्दै लहान नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/८० को प्रगति विवरण तथा आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र वजेटको संक्षिप्त रुपमा प्रस्तुत गर्न गईरहेको छु ।

२. यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ तथा विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र तराई मधेश आन्दोलनका क्रममा आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति निष्ठापूर्वक आफ्नो भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । दिवगंत आत्माको चीर शान्तिको कामनाका साथ सम्पूर्ण शहिद परिवारप्रति सम्मान व्यक्त गर्दछु । साथै विभिन्न चरणको आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएका व्यक्तिहरुप्रति हार्दिक सहानुभूति प्रकट गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. स्थानीय निर्वाचन २०७९ को परिणामपछि यस नगरपालिकामा पदस्थापना भएपछि निर्वाचित जनप्रतिनिधिहरुले आफूलाई साझा प्रतिनिधिको रुपमा चित्रण गर्नसक्ने गरी हामीले काम अगाडि बढायौं । भेदभावरहित, पक्षपातरहित र सबै वर्ग, समुदाय एवं तह तप्काका लागि जनप्रतिनिधि सुखदुखको साथी बन्नुपर्छ भन्ने साझा अवधारणाले हामीले पहिलो वर्षमा आफूलाई कुनै राजनीतिक दलको प्रतिनिधि होइन, एक साझा नगर प्रमुखको रुपमा आफूलाई अगाडि सारेर विकास निर्माणका साथै शिक्षा, स्वास्थ्य, रोजगार र समतामूलक समाज निर्माणमा आफूलाई समर्पित गरेका छौं । त्यसैले १० औं नगरसभादेखि लहान नगरपालिकाले लिएको **'हाम्रो लहान-सुन्दर, समुन्नत र सभ्य लहान'** भन्ने आदर्श नारालाई आफ्नो महान लक्ष्यतर्फ अगाडि बढ्ने मुल मन्त्रको रुपमा लिंदै नगरको विकासमा हामीले आफ्नो पाइला अगाडि सार्ने जमर्को गर्दै आएका छौं । यसका लागि केन्द्र र प्रदेशको सहयोगको आश गर्दै आउँदो समयमा नगरपालिकाको चूनौति समाधान गर्न र नगरपालिकाको सम्पूर्ण गतिविधिहरु व्यवस्थित रुपले अगाडि बढाउन आम जनसमुदाय, दातृ निकाय, कर्मचारीहरु, नगरसभाका सदस्य ज्यूहरु, साझेदार सँस्थाहरु, सञ्चारकर्मी मित्रहरु र सम्पूर्ण महानुभावहरुप्रति सहयोग र सद्भावको आशा राखेको छु ।

४. लहान नगर क्षेत्रभित्र कृषि, उद्योग, पर्यटन, पूर्वधार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगार र विभिन्न किसिमको लागुऔषध दुव्यर्सनमा परेका युवाहरुलाई दुव्यर्सनमुक्त गर्न विशेष किसिमका कार्यक्रम सञ्चालन गर्ने परिकल्पनास्वरुप चालु आर्थिक वर्ष २०७९/८० मा विशेष किसिमका कार्यक्रमहरु सञ्चालन गरिएको छ । गत स्थानीय तहको निर्वाचनमा निर्वाचित भएपछि लगत्तै सम्पन्न भएको १० औं नगरसभामा हामीले केही कार्यक्रमहरु सार्वजनिक गरेका थियौं । त्यसमध्ये अधिकांश कार्यक्रमहरु पुरा भएका छन् । पहिलेदेखि शुल्क लिंदै आएको जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा नागरिकताको सिफारिस निःशुल्क गरेको छु ।

५. दलित समुदायमा अत्यन्त पिछडिएको मानिएको मुसहर समुदायका लागि लहान नगरपालिका वडा नं. १५ स्थित मेनर्वाका ३८ घर र वडा नं.१२ मा १२ घर गरी कुल जम्मा ५० घर दलित तथा बिपन्न परिवारलाई एकिकृत आवास निर्माण भएको छ भने आगामी आ.बं २०८०/०८१

म कुल जम्मा १०० बिपन्न तथा दलित परिबारको लागि एकीकृत बस्ती निर्माण गरिने लक्ष्य लिएको छु। दलित, सीमान्तकृत तथा विपन्न समुदायलाई लक्षित गरी आउंदो आर्थिक वर्षदेखि नगर क्षेत्रभित्र निःशुल्क एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन गर्ने प्रक्रिया अगाडि बढि सकेको छ। सो को लागि यस नगरसभाबाटै बजेट विनियोजन गरेको छु।

६. सामुदायिक विद्यालयको लागि एक कक्षा एक शिक्षकको व्यवस्था, **दुई हजार** गरिब तथा दलितलाई निःशुल्क मोतियाविन्दुको उपचार, उत्कृष्ट दलित विद्यार्थीलाई उच्च शिक्षाको लागि पूर्ण छात्रवृति, लहानको तीन वटा पिछडिएको वडाहरुमा बर्थिङ्ग सेन्टरको स्थापना गरी एमबिबिएस चिकित्सक ल्याउने तयारी, नगरपालिकाको सबै वडाको दलित समुदायको लागि ४० वटा ट्युशन कक्षाको व्यवस्था, दलित समुदायलाई किरिया खर्चको व्यवस्था, नगर क्षेत्रका विद्यालयहरुको प्रधानाध्यापकका लागि मासिक घुम्ती बैठक सम्पन्न भइसकेको छ भने आगामी आ.व. २०८०/०८१ मा एक कक्षा एक पंखा, एक विद्यालय एक कम्प्यूटर वितरणको लक्ष्य लिएको छु।

७. दिसाजन्य लेदो उपचार केन्द (FSTP) तथा ठोस फोहोर व्यवस्थापन (solid waste management) को लागि लहान नगरपालिका वडा नं. १५ मा स्थल छनौट भई आर्थिक वर्ष २०८०/८१ देखि साझेदारी सँस्थाहरु Water aid, beacon project र दलित जनकल्याण युवा क्लवको सहयोगमा निर्माण कार्यहरु सुरु हुनगइरहेको छ।

८. लहान चोकमा रहेको धुलाम्मे तथा अव्यवस्थित तरकारी बजारलाई ढलान गरी उक्त बजारलाई सौन्दर्यकरणतर्फ अगाडि बढाइएको छ। यसैगरी, वडा नं. १५, १६, १७, १८, २४ मा रहेका दर्जनौ चुरे वस्तीमा नगरपालिका आफैंसँग रहेको स्काइभेटर, जेसिभी, ट्रिपर प्रयोग गरेर र नगरपालिकामा छुट्याइएको इन्धन त्यसैमा प्रयोग गरेर चुरेमै ३५ किलोमिटर सडक ट्र्याक खोलिएको छ। सोही ट्र्याक अन्तर्गत सिरहाको लहानलाई उदयपुरको नेपालटार बजारसम्म पुग्ने सडक विस्तार गरिएको छ। पहिले बाटो नभएको चुरेको वस्तीहरुबाट अब अहिले बढीमा आधा घण्टाभित्र एम्बुलेन्स चढेर लहानको मुख्य बजारमा आउन सक्ने अवस्था सृजना भएको छ।

९. आ.व. २०७९/८० मा पक्की सडकतर्फ १० कि.मी., ग्राभेल १३ कि.मी., पक्की नाला ५ कि.मी., कल्भर्ट ७ वटा, वडा कार्यालय ३ वटा, ट्युववेल १४१ तथा डिप बोरिङ १८ वटा निर्माण भएको छ। यसैगरी, नगर विकास योजना (town planning) क्षेत्रभित्रको फस्ट फेजको रेखाङ्कन कार्य सम्पन्न भई त्यहाँ बाटो छुट्याउने कार्य भइरहेको। आ.व. २०७९/८० देखि नै उक्त फेजको ६५ फिट सडकमा पिचिङ्गको लागि टेण्डर लागि कार्य समेत सुरु भएको छ। दोश्रो फेजको सर्वे कार्य सम्पन्न भई त्यहाँको प्लानिङ्ग र प्लटिङ्ग कार्यको लागि भेरिफिकेसन सम्पन्न भइसकेको छ। यसैगरी, आर्थिक वर्ष २०८०/८१ मा नगर क्षेत्रभित्र १५ किलोमिटर पक्की सडक, ५ वटा वडा कार्यालयहरुको भवन, दुर्गा मन्दिर, राम मन्दिर, कब्रगाहा, आर्यघाट, सुधारगृह निर्माण गर्नुका साथै थप बर्थिङ सेन्टर र पाँच वटा सिटी लाइट जडान गरिनेछ।

१०. मिथिला कलासँस्कृतिलाई जगेर्ना गर्दै युवाहरुलाई उत्पादनमूखी बनाउन विभिन्न सरोकारवाला निकायको साझेदारीमा स्वरोजगार अभियान सञ्चालन गर्ने र नगरपालिकाभित्र रहेका पर्यटकीय स्थलहरु सलहेश फुलवारी, व्रह्मान जंगल, पकडियागढ, देवी दह, मानिक दह, हात्तीदह, राजदेवी मन्दिर, राजाजी मन्दिर, काभ्रे महादेवस्थान लगायतका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक र

धार्मिक महत्वका धरोहरहरुलाई विषेश महत्व दिई उक्त स्थानहरुमा भौतिक पूर्वधारको विकास गरी पर्यटन प्रवर्द्धनका माध्यमवाट नगरको विकास गर्ने नीति लिएको छु ।

११. निर्वाचित भएको पहिलो वर्षको अन्तरालमा धेरैभन्दा धेरै समय नगरपालिकाको आर्थिक अवस्था, विद्यमान समस्या, कर्मचारी प्रशासन, नगरबासीको चूनौति, विकास योजना लगायतका विषयवस्तुबारे बुझ्दा बुझ्दै व्यतित भयो । तर पनि यस अवधिमा केही नविन अवधारणा ल्याउने प्रयास गरियो । लहान नगरपालिकाभित्रको मानिकदह, लहानको मुख्य बजार दुर्गा मन्दिर तथा लहानको मुख्य बजारभित्र रहेको खुट्टी नहरलाई सौन्दर्यकरण गर्न डि.पि.आर. समेत तयारी भइसकेको छ । डि.पि.आर. तयार भएका यी तिन वटै योजना आर्थिक वर्ष २०८०/८१ देखि सञ्चालन हुनेछ । यसैगरी, वडा नं. ६ मा लहान नगरपालिकाको पुरानो कार्यालय रहेको स्थानमा १६ करोडको कम्प्लेक्स भवन निर्माण सुरु भइसकेको छ भने लहानभित्र नगर अस्पताल निर्माणको लागि सङ्घीय सरकारबाट यही आर्थिक वर्षमा दुई करोडको बजेट विनियोजन हुने भएको छ ।

१२. स्थानीय उत्पादन "**लहानको आँप**" लाई चालु आ.व. देखि सुरु गरिएको ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा ब्राण्डिङ्गको कार्यलाई आ.व. २०८०/०८१ मा पनि निरन्तरता दिइने छ । आँपको यस बर्षको सिजनमा ९० टन बिषादीरहित जातीय शुद्धता भएको लहानको आँप लहान तथा काठमाण्डौ बिक्री कक्षबाट बजारीकरण भइरहेको छ । कृषिमा यान्त्रिकिकरणको लागि नगरपालिका भित्रका कृषकहरुलाई सहुलियत दरमा कृषि उपकरणहरुको सेवा उपलब्ध गराउन कस्टम हाइरिङ्ग सेन्टर (Custom Hiring Center) स्थापना गरिनेछ । यसवाट कृषि श्रमिक अभावलाई परिपूर्ति भई सहज ढंगवाट खेती गर्न मद्दत पुग्नेछ । यसैगरी, कृषि सिंचाइ सुविधा उपलब्ध गराउन कृषि सिचाई मिटर प्रयोगमा लाग्ने सम्पूर्ण विद्युत शुल्क नगरपालिकाले व्यहोर्नेछ ।

**सम्मानित समारोहमा उपस्थित महानुभावहरु,**

अब चालु आ.ब. २०७९/८० को जेठ मसान्तसम्मको यथार्थ आय-व्यय र आगामी आ.व. २०८०/८१ को अनुमाानित आय-व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

गत आ.व. २०७८/७९ को दशौं नगरसभाबाट चालु आ.व. २०७९/८० का लागि १,४२,९२,४४,०००/- (एक अरब बयालिस करोड बयानब्बे लाख चौवालिस हजार ) प्रस्तावित गरिएकोमा हालसम्म प्राप्त हुन आएको रकम मध्ये २०८० जेठ मसान्तसम्म चालुतर्फ रु. ४६,७५,७१,०४२/२१ (छयालिस करोड पचहत्तर लाख एकहत्तर हजार बयालिस रुपैया एक्काइस पैसा) खर्च भएको छ भने पूँजीगततर्फ रु. २६,६१,३८,७४५/२४ (छब्बिस करोड एकसट्ठी लाख अठ्तिस हजार सात सय पैतालिस रुपैया चौबिस पैसा) समेत जम्मा रु. ७३,३७,०९,७८७/४५ (तिहत्तर करोड सैतिस लाख नौ हजार सात सय सतासी रुपैया पैतालिस पैसा) खर्च हुन गएको छ । आगामी आ.व. २०८०/८१ को लागि आन्तरिक श्रोततर्फ रु. १०,२२,५६,०००/- (दश करोड बाइस लाख छपन्न हजार), नगद अ.ल्या. तर्फ रु. २५,००,००,०००/- (पच्चिस करोड), समानिकरण अनुदान संघीयतर्फ रु. २०,१६,००,०००/- (बीस करोड सोह्र लाख) र प्रदेशतर्फ रु. १,५५,७६,०००/- (एक करोड पच्पन्न लाख छयहत्तर हजार) समेत गरी रु. २१,७१,७६,०००/- (एक्काइस करोड एकहत्तर लाख छयहत्तर हजार), सशर्त अनुदान संघीय चालुतर्फ रु. ३९,४४,००,०००/- (उनन्चालिस करोड चौवालिस लाख), सशर्त अनुदान संघीय पूँजीगततर्फ रु. २६,००,०००/- (छब्बिस लाख), विशेष अनुदान संघीय पूँजीगत तर्फ रु. २,००,००,०००/- (दुई करोड), विशेष अनुदान प्रदेश चालुतर्फ रु. ३०,००,०००/- (तीस लाख), संघीय समपुरक अनुदान पूँजीगत तर्फ रु. ५०,००,०००/- (पचास लाख), प्रदेश समपुरक अनुदान पूँजीगत तर्फ रु. २०,००,०००/- (बीस लाख) र राजस्व बाँडफाँडतर्फ रु. १६,५७,७६,०००/-

(सोह्र करोड सन्तावन्न लाख छयहत्तर हजार) समेत गरी जम्मा रु. १,१६,२२,०८,०००/- (एक अरब सोह्र करोड बाइस लाख आठ हजार) आयतर्फ प्रस्तावित गरिएको छ भने व्ययतर्फ चालु खर्च रु. ३०,६१,५०,०००/- (तीस करोड एकसाठ्ठी लाख पचास हजार) **२६.३४ प्रतिशत**, कार्यक्रम खर्च रु. ३९,४४,००,०००/- (उनन्चालिस करोड चौवालिस लाख) **३३.९३ प्रतिशत** र पूँजीगत खर्च रु. ४६,१६,५८,०००/- (छयालिस करोड सोह्र लाख अन्ठावन्न हजार) **३९.७३ प्रतिशत** समेत गरी जम्मा रु. १,१६,२२,०८,०००/- (एक अरब सोह्र करोड बाइस लाख आठ हजार) प्रस्तावित गरिएको छ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवं परोक्ष रुपमा अमूल्य सुझाव एवं सहयोग पुऱ्याउनुहुने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, माननीय मन्त्री सांसद ज्यूहरु, वडाका अध्यक्ष एवं सबै सदस्य ज्यूहरु, सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, विषयगत समितिहरु, विषयगत कार्यालय, सुरक्षा निकाय एवं सरकारी कार्यालयहरु, गैरसरकारी सँस्थाहरु, उद्योगी व्यवसायीहरु, सञ्चारकर्मीहरु, नागरिक समाज, आम नगरबासी र नगरसभा तयारीका लागि अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत लगायत नगर कार्यपालिकाका सबै कर्मचारीप्रति आभार प्रकट गर्दै **'हाम्रो लहान-सुन्दर, समुन्नत र सभ्य लहान' अभियानमा ऐक्यबद्धता तथा सहयोगको अपेक्षा सहित बिदा हुन्छु।**

**साथै, आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटको विस्तृत विवरण नगर उपप्रमुख रामचलित्तर महतोमार्फत यस नगरसभामा पेश हुने जानकारी गराउँदछु। धन्यबाद !!!**

**महेश प्रसाद चौधरी**
**नगर प्रमुख**

## लहान नगरपालिकाको आ.व. २०८०/८१ को

# नीति तथा कार्यक्रम

## पूर्वाधार एवम् शहरी विकास

१. नगरपालिकाको मुख्य केन्द्रलाई सवै वडासंग जोडने मुख्य सडकका साथै नगरको ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्वका स्थलहरुसंग जोड्ने सडकहरुलाई उच्च प्राथमिकतामा राखी स्तरोन्नतिको कार्य अगाडी वढाईनेछ ।

२. वडास्तरमै वजेट व्यवस्था मिलाई मौजुदा शाखा/प्रशाखा सडकहरुको स्तरोन्नति गरी स्तरीय सडक संजाल तयार गरिनेछ र आवश्यकता अनुसार सडकवत्ती समेतको व्यवस्था मिलाईने छ ।

३. बढ्दो शहरीकरण र जनघनत्वलाई केन्द्र विन्दुमा राखी उचित स्थानमा बस बिसौनी, प्रतिक्षालय, पार्किङ्ग स्थल, Road Furniture, पैदल मार्ग आदिको निर्माणमा जोड दिई Traffic Management मा सुधार ल्याईनेछ ।

४. नगरक्षेत्रका अति भिडभाड हुने सार्वजनिक स्थल/चौकचौराहाहरुमा स्वच्छ खानेपानी र घुम्ती शौचालयको प्रवन्ध मिलाईनेछ ।

५. प्रत्येक नगरवासीलाई आधारभूत स्वास्थ्य सेवामा सरल र सुलभ पहुँच वृद्धिका लागि स्वास्थ्य सेवा केन्द्र निर्माण कार्यलाई प्रभावकारी रुपले अगाडि वढाईनेछ ।

६. वडावासीलाई वडास्तरवाट प्राप्त हुने सेवा सुविधालाई सरल र सहज वनाउन वडागत रुपमै प्रशासनिक भवन (वडा कार्यालय) को निर्माण कार्य अगाडि वढाईनेछ ।

७. नगरको मुख्य क्षेत्रको सुन्दरतालाई विगारेको मौजुदा खुट्टी नहरमा सुधार कार्यका साथै थप पूर्वाधार निर्माण गरी नगरको सौन्दर्यकरण वढाईनुका साथै सेवा सुविधा विस्तार गरिनेछ ।

८. आन्तरिक श्रोतको अधिकतम व्यवस्था, उपयोग तथा परिचालन गरी नगरको प्रमुख हाटबजार (नयाँ बजार) को सुधार तथा पूनःर्निर्माणको कार्य अगाडि बढाईनेछ ।

९. स्थानीय गौरवको रुपमा रहेको दुर्गा मन्दिर पुनर्निर्माणको कार्य पूनः अगाडि वढाईनेछ ।

१०. बलान, सर्रे, खुट्टी, बानो, मुतनी लगायतका खोला कटानवाट भैरहेको जन-धनको क्षतिलाई न्यूनिकरण तथा रोकथामका लागि अधिकतम प्रयास गरिनेछ ।

११. उपभोक्ताहरुको अधिकतम श्रमदान तथा लागत सहभागितामा संचालन हुने योजनाहरुलाई प्राथमिकतामा राखी कार्यन्वयनमा ल्याइनेछ ।

१२. निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परिक्षण गर्ने प्रयोगशालाको स्थापना गरिनेछ ।

१३. सार्वजनिक जग्गा र सडक अधिकार क्षेत्रको संरक्षणमा विषेश जोड दिईनेछ ।

१४. शहरी योजना तथा भवन निर्माण मापदण्ड (**Building Bye-laws**) र राष्ट्रिय भवन संहिता (**National Building Code**) वमोजिम नियन्त्रित शहरीकरण तथा वसोवास र भूकम्प प्रतिरोधात्मक घर/भवन निर्माण कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१५. एक Generation को अवधि समाप्त भईसक्दा समेत पूरा हुन नसकेको Town Planning को कार्यलाई थप प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

१६. आर्थिक वर्ष २०८०/८१ मा १५ किलोमिटर पक्की सडक, ५ वटा वडा कार्यालयको भवन, दुर्गा मन्दिर, राम मन्दिर, कब्रगाहा र आर्यघाट निर्माण गरिनेछ ।

१७. यसैगरी, सुधार गृह (safe house), बर्थिङ सेन्टरको निर्माण र ५ वटा स्मार्ट सिटी लाइट जडान गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद

१८. नगरपालिका भित्र रहेका विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरु विद्यालय बाहिर नरहने गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ र  शिक्षाको पहुँच विस्तार गर्ने, गुणस्तर बढाउने, संस्थागत क्षमता अभिबृद्धि गर्ने तथा  आधुनिक शिक्षा पद्घति कायम गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९.वालमैत्री दण्ड तथा हिंसा रहित सिकाई वातावरणको श्रृजना गरी शिक्षण कार्यलाई अभिबृद्धि गर्दै लगिनेछ ।

२०.सामुदायिक विद्यालयमा बालबालिकाहरुको पहुँच अभिबृद्धि गर्न र बढदो गर्मीमा पठन पाठनमा हुने समस्यालई मध्यनजर गर्दै १ कक्षा १ पंखा जडान गर्ने कार्यक्रम यसै आर्थिक बर्षमा सञ्चालन गरिने छ ।

२१.दलित सामुदायमा दलित बालबालिकाहरुका लागि सञ्चालित ट्यूशन कक्षाका शिक्षकहरुलाई प्रोत्साहन स्वरुप तलबमानमा बृद्धि गरिनेछ ।

२२.सामुदायिक विद्यालयहरुको गुणस्तर अभिबृद्धि गर्न तथा सामुदायिक विद्यालयप्रति विद्यार्थीहरुको आकर्षण बढाउन विद्यालय अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।

२३.पठनपाठन कार्यका लागि अभिभावकहरुलाई बढी जिम्मेबार बनाउन टोल टोलमा 'अभिभावक सचेतना' कार्यक्रम संचालन गरिनेछ ।

२४.यस वर्ष पनि विद्यालयमा नयाँ बन्ने भौतिक निर्माणका कार्यहरु बालमैत्री, लैङ्गिकमैत्री, आपाङ्गमैत्री तथा वातावरणमैत्री बनाइनेछ ।

२५.बालबालिकाहरुलाई खेलकुद तथा अतिरिक्त क्रियाकलापहरुमा बढी भन्दा बढी सहभागी गराई बौद्धिक मानसिक एवम शारीरिक पक्षको विकासमा जोड दिइनेछ ।

२६.शिक्षकहरुको पेशागत दक्षताका लागि क्षमता विकास र प्र.अ.का लागि व्यवसायिक क्षमता अभिबृद्धि तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२७.विद्यालयको लेखा परीक्षण तथा समाजिक परीक्षणलाई पारदर्शिता एवम् यथार्थमूखि बनाउन प्रोत्साहित गरिने छ ।

२८.सामुदायिक विद्यालयहरुमा बालकक्षा देखि माध्यमिक तह सम्म अंग्रेजी माध्यमबाट पठन पाठन सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिदै लगिनेछ ।

२९.प्रयोग विहीन स्थानीय समाग्रीहरु प्रयोग गरी शैक्षिक समाग्रीहरु बनाउने संस्थाहरुसंग साझेदारीमा कार्यक्रम संचालन गरिनेछ र सामुदायिक विद्यायहरुको कार्यालय सञ्चालन व्यवस्थापन गर्न र सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधिमा पहुँच पुर्याउने व्यवस्था मिलाइनेछ ।

३०.विद्यालयमा प्रदत कम्प्यूटर ल्यापटप तथा मल्टिमिडियाबाट प्रदान गरिने सूचना तथा पठन पाठनका लागि बैक्लपिक विद्युतीय उर्जाको व्यवस्था गरिनेछ ।

३१.अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरी यसै आर्थिक वर्ष भित्र साक्षर नगरपालिका घोषणा गरिनेछ ।साथै यस कार्यमा सामुदायिक सिकाई केन्द्रहरुलाई समेत सहभागी गराईनेछ ।

३२. सामुदायिक विद्यालयका उत्कृष्ट प्र.अ./वि.व्य.स.अध्यक्ष/शिक्षकलाई शिक्षा दिवसको अवसरमा "उत्कृष्ट शिक्षा पुरस्कार" बाट सम्मानित गरिनेछ ।

३३. नगर क्षेत्रभित्र रहेका संस्थागत विद्यालयले शिक्षा क्षेत्रमा पुर्याएको योगदानको उच्च कदर गर्दै त्यहाँ रहेको प्राज्ञिक ज्ञान, सिप, कला र क्षमतालाई सामुदायिक विद्यालयमा उपयोग गर्न सहकार्य गरिनेछ ।

३४. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप तथा वडा स्तरिय र नगर स्तरिय विभिन्न खेलकुदका कार्यक्रमहरु आयोजना गरिनेछ ।

३५. सामुदायिक विद्यालयहरुमा न्युनतम स्वास्थ्य सुरक्षाका समाग्रीहरु उपलब्ध गराउने तथा सामुदायिक विद्यालयमा अध्यनरत १०-१९ वर्षका छात्राहरुलाई स्यानिटरी प्याड वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३६. विद्यालयहरुमा स्थानीय पाठ्यक्रम लागु गरी नगरभित्रका ऐतिहासिक तथा पुरातात्विक स्थानहरुको वारेमा शिक्षण गरिनेछ ।

३७. बाउण्ड्रीवाल विहिन सामुदायिक विद्यालय सञ्चालन कार्यक्रमलाई निरन्तरता दिदै सम्पूर्ण सामुदायिक विद्यालयहरुको बाउण्ड्रीवाल निर्माण गरी त्रास रहित वातावरणमा शिक्षण क्रियाकलाप संचालन गरिने छ ।

३८. गुणस्तरिय शिक्षाको प्रत्याभुति गर्ने उद्देश्यले यस नगरपालिका भित्रका सम्पूर्ण समुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरुको कक्षा ५ र कक्षा ८ को नगर स्तरीय वार्षिक परीक्षा सञ्चालन गरी नगरपालिकावाटै उत्तरपुस्तिका परीक्षण गरी नतिजा प्रकाशन गरिने व्यवस्था मिलाईनेछ ।

३९. यस नगरपालिका भित्र संचालन हुने कक्षा १० को SEE र कक्षा १२ को SLC परीक्षालाई पूर्ण मर्यदित बनाउने कार्यलाई निरन्तरता दिइनेछ

४०. सामुदायिक विद्यालयहरुको कार्यालय संचालन व्यवस्थापन गर्न र विद्यालयहरुलाई सूचना प्रविधिमा पहँच पुर्याउने उद्देश्यले "एक विद्यालय एक कम्प्यूटर, एक प्रिन्टर" कार्यक्रम संचालनमा ल्याइनेछ ।

४१. आधारभूत तहमा प्रतिकक्षा १ जना शिक्षक र मा.वि. तहमा विषयगत शिक्षक व्यवस्थापन गर्न स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

४२. दलित, गरिब तथा अतिविपन्न बस्तीमा संचालित निशुल्क ट्यूशन कक्षालाई निरन्तरता दिदै लगिनेछ । ट्यूशन कक्षाका शिक्षकलाई प्रोत्साहित गर्ने उद्देश्यले प्रोत्सहान स्वरुप तलबमानमा बृद्धि गरिनेछ ।

४३. अपाङ्गता भएका व्यक्ति तथा बैदेशिक रोजगारीमा काम गर्ने शिलशिलामा मृत्यु भएका परिवारका बालबालिकाहरुलाई शिक्षामा विशेष अवसर सुनिश्चित गरिनेछ ।

४४. बालबालिका तथा किशोर किशोरीहरुको मानसिक स्वास्थ्यको वारेमा विद्यार्थी, शिक्षक, अभिभावकहरुलाई अभिमूखिकरणको व्यवस्था मिलाईनेछ ।

**स्वास्थ्य**

४५. प्रत्येक स्वास्थ्य संस्थाको स्तरोन्नतिको लागि भौतिक पुर्वाधार औषधी आपुर्ति व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

४६. यस वर्ष संघीय सरकारबाट प्राप्त बजेटबाट र स्थानीय श्रोतको समेत जोहो गरी DPR तयार गरी एक नगर अस्पतालको लागि भौतिक पूर्वाधारको यसै वर्ष आरम्भ गरिनेछ ।

४७. वडा नं १० को स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी गुणस्तर स्वास्थ्य सेवाको पहुँचलाई चिकित्सक सहितको बर्थिङ्ग सेन्टर तत्काल संचालनमा ल्याइनेछ ।

४८. लहान नगरपालिका वडा नं. १० स्थित बर्थिङ्ग सेन्टरमा प्रदेश सरकारबाट प्राप्त ल्याब सामाग्रीहरुको स्थापना गरी प्रयोगशालालाई सबलीकरण गरी एक स्थानीय तह एक प्रयोगशालाको अवधारणालाई अवलम्बन तथा सुदृढीकरण गरी प्रयोगशालालाई विस्तार गरिनेछ ।

४९. लहान न.पा.क्षेत्रभित्र रहेका वडाहरुमा निर्माण भएका आधारभुत स्वास्थ्य केन्द्र सुचारु गर्ने अवधारणा लिइएको छु ।

५०. बालबालिका तथा गर्भवतीहरुले खोप सेवाहरु पाएका सुनिश्चित गरी पूर्ण खोप नगरपालिका घोषणा गरिनेछ ।

५१. प्रत्येक स्वास्थ्य संस्थाहरुमा सूचनाको पहुच पुऱ्याउन पुरानो स्वास्थ्य चौकीहरुमा यसै वर्ष सूचांक यन्त्रको सुनिश्चतता गरिनेछ ।

५२. लहान नगर क्षेत्रभित्र निःशुल्क एम्बुलेन्स तथा शव वाहन सेवा उपलब्ध गराइनेछ ।

५३. आर्थिक वर्ष २०८०/८१ देखि सुरु हुने लहान वडा नं. १० मा नगर अस्पतालको निर्माण सुरु गरिनेछ ।

## कृषि तथा सिंचाई :

५४. राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रिकिकरण र व्यवसायिकारण गर्न तथा कृषि उपजको शीत भण्डारण, ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा ब्राडिङ्ग र बजारीकरण प्राथमिकताका साथ संचालन गरिने छ ।

५५. कृषिमा यान्त्रिकिकरणको लागि नगरपालिका भित्रका कृषकहरुलाई सहुलियत दरमा कृषि उपकरणहरुको सेवा उपलब्ध गराउन कस्टम हाइरिङ्ग सेन्टर (Custom Hiring Center) स्थापना गरिनेछ । यसवाट कृषि श्रमिक अभावलाई परिपूर्ति भई सहज ढंगवाट खेती गर्न मद्दत पुग्नेछ ।

५६. स्थानीय उत्पादन "**लहानको आँप**" लाई ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा व्राण्डिङ्गको कार्यलाई आ.व. २०८०/०८१ मा पनि निरन्तरता दिइने छ । यसबाट मुल्य अभिबृधि भई उत्पादक , उधमी तथा उगभोक्ता लाभान्वीत हुने छन । यस बर्ष ९० टन बिषादी रहित जातीय शुद्धता भएको लहानको आँप लहान तथा काठमाण्डौ बिकी कक्षबाट बजारीकरण हुनेछ ।

५७. कृषकहरुको अनलाईन (Online) सूचिकरण गरी **"किसान कार्ड"** वितरण गर्ने कार्यको निरन्तरता दिइने छ । यस वाट कृषकहरुको पहिचान, स्थिती तथा कृषकहरुको लागि उपयुक्त योजना तर्जुमा गर्न तथा अनुदान र कृषि साम्रगीहरु उपलब्ध गराउन मद्दत पुग्नेछ ।

५८. कृषि सिंचाइ सुविधा उपलब्ध गराउन कृषि सिचाई मिटर प्रयोगमा लाग्ने सम्पूर्ण विद्युत शुल्क नगरपालिकाले व्यहोर्नेछ ।

५९. कृषि उत्पादन लाई बजारीकरण गर्न कृषि उपज बजार को व्यवस्थापन तथा कृषि उत्पादनको भण्डारणको लागि शित भण्डारको निर्माणको लागि पहल भइरहेको छ ।

६०. हाल बिधमान निर्बाहमुखी खेती प्रणालीलाई रुपान्तरण गरी व्यवसायिकरणतर्फ उन्मुख गराउन कृषकहरुलाई नयाँ आधुनिक प्रबिधिसंग आबद्ध गराउनको साथै प्रत्यक्ष लाभ हुने गरी समयमा कृषि सामग्रीहरु ( मलखाध, उन्नत बिउ बिजन, बिरुवा, बिषादी तथा कृषि औजार) को साथै प्राबिधिक सेवा, सिचाई सुबिधा को उपलब्धताको सुनिश्चितता गर्नुको साथै आवश्यकताको आधारमा अनुदान उपलब्ध गराइनेछ ।

६१. फलफुल, आलु तथा तरकारीलाई लामो समयसम्म भण्डारण गर्न लहान नगरपालिकाले प्रदेश तथा संघिय सरकारसंग समन्वय गरी शीत भण्डारको व्यवस्था गरिनेछ । यसबाट किसान र कृषि उधमी लाभान्वीत हुनेछन ।

६२. युवा लक्षित कृषि कार्यक्रम अर्न्तगत बेरोजगार युवाहरु लाई व्यवसायिक कृषि पेशामा आकर्षित गराउन शिपमुलक तालीम दिई व्यवसायिक तरकारी खेती, पशुपालन तथा माछा पालन व्यवसायमा आबद्ध गराउने । उक्त कार्यक्रम संचालन गर्न उन्नत कृषि प्रबिधि तथा कृषि सामग्री हरुको लागि अनुदानको व्यवस्था गरिने छ।

६३. कृषि सिचाईको लागि भुमिगत सिचाई, डिप बोरिङ्ग, सतह सिचाई सुबिधा प्रबिधीहरुको बिकासको साथै कृषि सिचाई बिधुत मिटरमा अनुदान व्यवस्थाको निरन्तरता दिईने छ ।

६४. कृषकहरु माझ नयाँ प्रबिधिको बिकासको लागि कृषि प्रसार कार्यक्रम अन्तर्गत उन्नत बिउ बिजन, फलफुल बिरुवा, कृषि औजार तथा बिषादीमा दिईदै आएको ५० प्रतिशत अनुदान लाई निरन्तरता दिइने छ ।

## पशु बिकास सेवा

६५. नगरपालिकाको साझेदारीमा व्यवसायिक माछा उत्पादन तथा बजारीकरण गर्न माछापालक कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

६६. माछा भुरा आपुर्ति व्यवस्थापनको लागि मत्स्य नर्सरी सुदृढीकरणको लागि आवश्यक अनुदान सहयोग उपलब्ध गराइनेछ ।

६७. नगरपालिकाको साझेदारीमा व्यवसायिक बाखापालन, पशुपालन तथा दुग्ध उत्पादन तथा बजारीकरण गर्न  कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

६८. पशुको उत्पादन तथा उत्पादकत्व अभिबृद्धिको लागि नश्ल सुधार कार्यक्रम, अनुवांशिक श्रोतको संरक्षण, नबिनतम नश्लको आयात तथा प्रबर्द्धन गरिनेछ ।

६९. स्वस्थ पशु अभियान अन्तर्गत भ्याक्सिनेसन कार्यक्रम तथा पशु बिमालाई निरन्तरता दिइनेछ ।

## महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

७०. गठन नगरिएका वडामा महिला समूह, समिति गठन गरी महिला विकासका आयआर्जन मूखी कार्यक्रम तथा अनुशिक्षण दिइनेछ ।

७१. सीपयूक्त र व्यवसायमूखि बनाउन सीपमूलक क्षमता अभिवृद्धि जस्ता तालिम अर्न्तगत सेनेटरी प्याड, सिलाइकटाइ कृषि तथा कौशी खेती र मुढा बनाउने सम्बन्धी तालिम दिइनेछ ।

७२. महिला अपाङ्ग ज्येष्ठ नागरिकहरु सम्बन्धी कार्यक्रम गरिनेछ ।

७३. बालबालिका सम्बन्धी ऐन, २०७५ अनरुप बाल अधिकार समिति गठन प्रक्रियालाई सम्बन्धीत वडामा गठन गरिनेछ सोही अनरुप बाल उद्धार कोषको गठन गरी परिचालन गरिने छ ।

७४. लैंगिक हिंसा निवारण कोषमा रकम छुट्याउने सोही अनरुप लैंगिक हिंसा पीडित प्रभावित छनौट गरी कार्यन्वयन गर्ने तथा अनुगमन निरीक्षण गर्ने ।

७५. सामाजिक कुप्रथाको रुपमा रहेको घरेलु हिंसा, दाइजो प्रथा, दुर्व्यसन, मानव बेचविखन जस्ता कार्य सम्बन्धी सचेतनामूलक कार्य गर्ने ।

७६. बालअधिकार सम्बन्धी कानूनी सचेतना कार्यक्रम गर्ने ।

७७. समविकास तालिम सासू बुहारीमाझ अर्न्तक्रिया कार्यक्रम गर्ने ।

७८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाद्धारा संचालित समूह, समिति संस्थाको अनुगमन निरिक्षण गर्ने । ज्येष्ठ नागरिकलाई सम्मान कार्यक्रम गर्ने ।

७९. समूह समिति संस्थाहरुसंग भए गरेको कार्यको बारेमा चौमासिक रुपमा बैठक ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

८०. प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना गरी वेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित गरिनेछ । स्थानीय स्तरमा संचालन हुने सडक, सिंचाई, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपन लगायतका संघ, प्रदेश र स्थानीय स्तरका आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत वेरोजगारहरुलाई काममा प्राथमिकताका साथ लगाउनुपर्ने व्यवस्था मिलाइनेछ ।

८१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरू (कृषि, पशु तथा योजना ) सँग आबद्ध गराई यथार्थ उत्पादनमूलक रोजगारी सृजना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।

८२. स्थानीय तहको रोजगार, सेवा केन्द्रको रोजगार व्यवस्थापन सूचना प्रणाली बेरोजगारहरुलाई सूचिकृत गराई रोजगारी उपलब्ध गराइनेछ ।

८३. स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना र रोजगार व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याइएको छ । यस प्रणालीलाई थप विकसित गर्दै श्रम बजारमा रहेका श्रमिकहरूको सीप र क्षमताको उपयोग गर्न सहज हुने गरी उनीहरुको व्यक्तिगत विवरण रहेको श्रम सूचना बैङ्क स्थापना गरिनेछ ।

८४. स्थानीय रोजगार सेवा केन्द्रले रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरूका बीच सम्पर्क स्थापित गरी रोजगारी प्राप्तिमा सहयोग गरिनेछ ।

८५. संघीय सरकारबाट प्राप्त शसर्त अनुदानबाट कामका लागि पारिश्रमिकमा आधारित आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालनमा ल्याई बेरोजगारहरुलाई रोजगार प्रदान गरिनेछ ।

८५. वैदशिक रोजगारमा रहेका, फर्केका तथा विप्रेषण सहितको अवस्था जानकारीको लागि वैदेशिक रोजगारी प्रोफाईल तयारी गर्ने र श्रम वजारमा प्रवेश गर्ने युवा तथा वेदैशिक रोजगारबाट फर्किएका श्रमिकको शीप विकासका लागि सिकर्मी, डकर्मी, प्लम्बर, इलेक्ट्रिसियन, मोवाईल मर्मत, टायल मार्वल फिटिङ्ग, सिलाई कटाई तथा ब्यूटीपार्लरको तालिम प्रदान गरिनेछ ।

८६. श्रमिकको दुर्घटना विमाको व्यवस्था मिलाईनेछ साथै श्रमिकको हक, हित तथा सुरक्षा, न्यूनतम पारिश्रमिक र श्रम कानुनको परिपालना सुनिश्चित गरिनेछ ।

८७. वैदेशिक रोजगारी वाट प्राप्त विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न वित्तीय साक्षरता कक्षा सञ्चालन गरिनेछ साथै रोजगारी, शीप विकास र उद्यमशीलतासँग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी एकिकृत रुपमा कार्यान्वयन गरिनेछ ।

८८. आप्रवासी स्रोतकेन्द्र सञ्चालनलाई निरन्तरता दिई वैदेशिक रोजगारीको क्रममा हुने ठगी न्यूनीकरण गर्न सचेतनामुलक कार्यक्रम गर्ने र ठगिएकाहरुलाई न्याय दिलाउन सहजीकरण गरिनेछ ।

## खानेपानी, सरसफाई तथा स्वच्छता

८९. लहान नगरपालिका भित्रका सबै समुदायमा सुरक्षित खानेपानीको पहुँचको लागि एक घर एक धाराको नीति अबलम्बन गरिनेछ र सबै घरमा खानेपानीको पहुँच पुर्याउन खानेपानी आयोजनाहरु मर्मत सुधार गरी उपभोक्ता समिति मार्फत संचालनमा ल्याइने छ ।

९०. विभिन्न संघसंस्थाहरुको सहयोगमा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको क्षमता अभिबृद्धि क्रियाकलापहरूको थालनी गरी संचालनमा ल्याइने छ ।

९१. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय डिभिजन नं. १ सप्तरीको सहयोगमा निमार्णाधिन आयोजनाहरुलाइ क्रमिक रुपमा नेपाल खानेपानी संस्थानलाई हस्तान्तरण गरी संचालनमा ल्याइनेछ र नेपाल खानेपानी संस्थानको पाइप नेटवर्क विस्तार कार्यलाइ प्राथमिकता दिदै उक्त क्षेत्र भित्रका समुदायहरुमा गुणस्तरयुक्त खानेपानीको पहुँच पुर्याउनका लागि ह्याण्ड पम्प सहयोग कार्य बन्द गरिने छ ।

९२ चालु. आ.व. ०७९/०८० मा नगरपालिकाबाट दलित वस्तिहरुमा नेपाल खानेपानी संस्थानको धारा जडानमा लाग्ने धरौटि वापतको रकम उपलब्ध गराइरहेकोमा अगामी आ.व.मा पनि निरन्तरता दिइने छ ।

९३. खुला दिसामुक्त अवस्था कायम राख्न घरायसी चर्पी निर्माणमा प्रोत्साहन दिनुका साथै सार्वजनिक चर्पी तथा सामुदायिक चर्पी निमार्ण कार्यलाइ अगामी आ.व.मा समेत निरन्तरता दिइ पूर्णता दिइने छ  र दिसाजन्य लेदो प्रशोधन प्लान्ट निर्माण गरी दिसाजन्य लेदो ब्यवस्थापन गरिनेछ ।

९४. खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरुमा पेशागत स्वास्थ्य तथा सूरक्षाका उपायहरु (सूरक्षा ज्याकेट, मास्क, पन्जा, सेफ्टी हेलमेट, First Aid Kit, जुत्ता आदि) अबलम्बन गरी कार्य सम्पन्न गरिने छ ।

९५.चालु. आ.व.मा संचालित सामुदायिक विद्यालयहरुमा खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलापहरुलाइ अगामी आ.व. मा पनि निरन्तरता दिइनेछ र सामुदायिक विद्यालय तथा सामुदायहरुमा गर्दै आएको स्वच्छता प्रवर्धनका क्रियाकलापहरुलाई अगामी आ.व. मा पनि निरन्तरता दिइनेछ र साथै सामुदायिक विद्यालयहरुमा सफा, स्वच्छ र हरियाली वातावरण बनाउने कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

९६.लहान नगरपालिकाको वाश योजनाको प्राथमिकता अनुसारको खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाहरु कार्यान्वयन गर्दे लगिनेछ र निमार्णधिन तथा भविष्यमा बन्ने सार्वजनिक, संस्थागत तथा सामुदायिक चर्पीहरुलाइ महिला, बाल तथा अपाङ्ग मैत्री बनाइनेछ ।

९७.फोहर मैला संकलन कार्यलाइ निरन्तरता दिन मूल सडकहरुको दुवै किनारमा हरेक १०० मिटरमा डस्टबिनको ब्यवस्था गरिनेछ र ठोस फोहर ब्यवस्थापनको लागि जग्गा यकिन गरी Public Private Partnership मोडलमा कार्य अगाडि बढाइनेछ र साथै सडकहरुको सरसफाई निरन्तरता दिन ब्रुमरको ब्यवस्था गरिने छ ।

९८.विकन परियोजनाको सहकार्यमा लहान नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता ऐन बनाई कार्यान्वयनमा ल्याइनेछ र लहान नगरपालिका भित्र स्थापना भएको खा.स.स्व. इकाईको क्षमता अभिबृद्धिका कार्यक्रमहरु विकन परियोजनाको सहकार्यमा सञ्चालन गर्दे उक्त इकाईलाई पुर्णता दिइनेछ साथै विकन परियोजनाको सहयोग तथा सहकार्यमा विद्यालय तथा मुदायमा सरसफाइ तथा स्वच्छता सम्बन्धि  क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिने छ ।

९९. ठोस फोहोर व्यवस्थापन (solid wate management) तथा दिसाजन्य लेदो उपचार केन्द्र -FSTP) को लागि 3P मोडेलमा कार्य अगाडि बढाइनेछ ।

## श्रम तथा उद्योग

१००. जिल्ला उद्योग वाणिज्य संघ, लहान, सिरहासँग सहकार्य गरी औद्योगिक ग्राम स्थापना कार्यलाई अगाडि बढाइनेछ ।

१०१. गरिवीको रेखामूनी रहेका महिला, पुरुष र युवा युवतीहरुलाई लक्षित गरी लघु उद्यम विकास मोडेलमार्फत लघु उद्यमी सिर्जना गरी स्वरोजगारमा बृद्धि गरिनेछ ।

१०२. लघु उद्यमशिलताका लागि शीप तथा क्षमता विकास गरी स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३. अन्य कार्यालयसँग समन्वय गरी थप शीप विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

१०४. कृषि तथा पशुमा आधारित व्यावसायिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०५. असंगठित क्षेत्रको मजदुरहरुको हकहित तथा ज्याला निर्धारण गर्न एक श्रम सहकार्य समिति गठन गरी उनीहरुको समस्याको पहिचान गरी समाधान गरिनेछ । सोको लागि श्रम सहायता कक्षको व्यवस्था गरिनेछ ।

## अपाङ्गता

१०६. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७. अपाङ्गता भएका व्यक्तिहरुलाई राहत तथा सम्मान कार्यक्रम गरिनेछ ।

१०८. **ग र घ** वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१०९. अपाङ्गता हुनुको कारण निवारण तथा उपचार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

११०. अपाङ्गता भएका व्यक्तिहरुको लागि खेलकूद सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

## सहकारी

१११. सहकारी संघ संस्थाहरुको अनुगमन गरी सञ्चालनमा नभएका सहकारीलाई नियमन गरिनेछ ।

११२. सहकारी संस्थाको अभिलेखीकरण तथा व्यवस्थापन गरी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

## सामाजिक विकास

११३. गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी विभिन्न प्रकारका शीपमूलक क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११४. लैङिक हिंसा नियन्त्रण र बाल हिंसा अन्त्य गर्दै बालश्रम न्यूनिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

११५. दलित तथा सीमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिइनेछ ।

११६. यस नगर क्षेत्रभित्र छुवाछूत, जातीय भेदभावलाई उन्मूलन गर्ने गरी कार्यकमहरु तय गरी लागू गरिनेछ ।

११७. आदिवासी जनजातिको परम्परादेखि चलिआएको ज्ञान, सीप, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

११८. मधेशी, मुस्लिम तथा पिछडा वर्ग एवम् अल्पसंख्यक समुदायको हकहितको संरक्षण, सम्बर्द्धन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्यलाई प्रवर्द्धन गरिनेछ ।

११९. लागु पदार्थ दुर्व्यसर्न नियन्त्रण तथा मदिरा पसललाई नियमन गर्ने कार्य गरिनेछ ।

१२०. मन्दिर, मस्जिद आदिको संरक्षण गरी लहानको धार्मिक तथा पर्यटन क्षेत्रको पहिचानमा जोड दिइनेछ ।

## विपद् व्यवस्थापन

१२१. यातायात सेवा तथा बन्दोबस्ती व्यवस्थापन संयन्त्रको भरपर्दो व्यवस्था गरिनेछ र दुर्गम क्षेत्रसँगको पहुँच बढाइनेछ ।

१२२. खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामग्रीहरुको तत्कालै व्यस्थापन गरिनेछ ।

१२३. बाढी तथा अन्य प्रकोपहरुको पूर्वसूचना प्रणालीहरूलाई अद्यावधिक र स्तरोन्नति गरी प्रमुख प्रकोपहरूको तथ्याङ्क विश्लेषण र पूर्वानुमान गर्न सूचनामूलक सन्देशहरूको उत्पादन तथा प्रसारण गरिनेछ ।

१२४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालीकरण गरिनेछ ।

१२५. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि संचार तथा प्रसार प्रणालीको प्रभावकारिता बढाउन आधुनिक विज्ञान तथा प्रविधि (Web Portal, Mobile Apps, SMS–CB, IVR)को उपयोग र प्रवर्धन गरिनेछ ।

१२६. विपद्पश्चात आपत्कालिन रूपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गरिनेछ ।

१२७. विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गरिनेछ ।

१२८. विपद् पूर्व तयारी योजना निर्माण गरिनेछ ।

१२९. आगलागि र डढेलो नियन्त्रणका लागि स्थानीय समुदाय र सामुदायिक वन व्यवस्थापन समितिलाई चेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

१३०. यस नगरक्षेत्रमा निर्माण हुने सार्वजनिक एवम् निजी संरचना भुकम्प प्रतिरोधी बनाइनेछ ।

१३१. विपद् प्रतिकार्य योजनाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरुको निर्माण गरिनेछ ।

१३२. आगलागि, डढेलो, बाढी, पहिरो र हावाहुरी आदिबाट पीडित परिवारहरुलाई उचित राहतको व्यवस्था गरिनेछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

१३३. सस्थागत विकासका लागि सम्बन्धित सरोकारवालाहरु लाई क्षमता विकास सम्बन्धि तालिमहरु संचालन गरिनेछ ।

१३४. कर्मचारी व्यवस्थापन तर्फ यस न.पा.मा आवश्यक पर्ने कर्मचारीहरु करार सेवामा लिई सेवा प्रवाह लाई प्रभावकारी वनाईनेछ ।

१३५. नागरिक वडापत्र समायानूकल अद्यावधिक गरी सूचना प्रविधिसँग जोडिनेछ ।

१३६. "मुस्कान सहितको सेवा" भन्ने मूल नारालाई अवलम्वन गरिनेछ ।

१३७. नगरमा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्वयात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत् सुशासन अभिबृद्धिमा जोड दिइनेछ ।

## सूचना, सञ्चार तथा प्रविधि

१३८. "सूचना तपाईको अधिकार" भन्ने मर्मलाई कार्यान्वयन गरी सुशासन अभिबृद्धि गरिनेछ ।

१३९. नगर प्रोफाइलको तथ्यांकलाइ अद्यावधिक गरिनेछ ।

१४०. नगरपालिकाको समग्र विकासमा सञ्चारकर्मीको सकारात्मक भूमिका हुने हुँदा सरोकारवाला पत्रकारहरुकै साझेदारीमा क्षमता विकास लगायतका कार्य सञ्चालन गरिनेछ ।

१४१ सुरक्षित र प्रविधिमैत्री नगर निर्माणका लागि नगरका सबै वडाको मुख्य मुख्य चौक तथा नगरको केन्द्रमा फ्रि वाईफाई जडान गरिनेछ ।

१४२. सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न सर्भरको व्यवस्था गरी सञ्चालनमा ल्याइनेछ ।

१४३. स्मार्ट सूचना पाटीको व्यवस्थालाई वृद्धि गरिनेछ ।

१४४. सम्पूर्ण वडालाई इन्टरनेटको सञ्जालबाट नगर कार्यापालिकाबाट नियमन गरिनेछ ।

१४५. सेवाग्राहीलाई सेवामा सहजता पुऱ्याउन नगर कार्यपालिकाको कार्यालयमा एउटा स्मार्ट हेल्प डेस्कको व्यवस्था गरिनेछ जसमा सेवाग्राहीले स्वयं इन्टरनेट प्रयोग गरी आफुलाई आवश्यक सूचना लिने व्यवस्था मिलाइनेछ ।

१४६. स्थानीयस्तरमा प्रकाशन हुने पत्रपत्रिका, रेडियो तथा अनलाइन मिडियाको संरक्षण तथा सम्बर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## भु -उपयोग र नगर विकास

१४७. फस्ट फेजको लागि शहरी विकास कार्य अझ प्रभावकारी रुपमा निर्माण कार्य अगाडि बढाउने ।

१४८. सेकेण्ड फेजको प्लानिङ्ग र प्लटिङ्ग कार्य चालु अवस्थामा रहेकोले त्यसलाई सम्पन्न गर्ने ।

अन्त्यमा यस निति तथा कार्यकम र बजेट निर्माणमा दिशानिर्देश गर्नु हुने आदरणिय व्यक्तित्वहरु, शाखा प्रमुखहरु, कर्मचारीहरु, बिज्ञहरु तथा कार्यपालिका सदस्यहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दै **'हाम्रो**

**लहान-सुन्दर, समुन्नत र सभ्य लहान' अभियानमा एक्यबद्धता तथा सहयोगको अपेक्षा सहित बिदा हुन्छु । धन्यबाद ।**

**रामचलित्तर महतो**

**उपप्रमुख**